नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

(कल्याण महाशाखा)

नक्साल, काठमाण्डौं

टहरा भाडामा लिने/दिने सम्बन्धी प्रस्ताव पुस्तिका

आर्थिक वर्ष २०८१/०८२

(सूचना प्रकाशित मिति २०८२।०३।१० गते)

**सम्पर्क ठेगाना**

नेपाल प्रहरी प्रधान कार्यालय,
कल्याण महाशाखा, नक्साल, काठमाण्डौ ।
फोन नं. ०१-४४११२८३
ईमेल : npwelfare@gmail.com

प्रस्ताव फाराम दस्तुर :- ने.रु.१०००।- (अक्षरुपि एक हजार रुपैयाँ मात्र) ।

प्रस्ताव फाराम बिक्री नं.:

प्रस्ताव फाराम खरिदकर्ता व्यक्ति/फर्म/कम्पनी :

## विषय सूची

| क्र.स. | बिवरण |
|---|---|
| १ | प्रस्ताव आव्हानको सूचना |
| २ | प्रस्ताव सम्बन्धी सर्तहरु |
| ३ | प्रस्तावित योजना |
| ४ | सम्झौताको नमूना |
| ५ | मूल्य सूची |

**नोट :** यो प्रस्ताव फाराम खरिद गरी पेश गर्ने प्रस्तावदाताले यस प्रस्ताव सम्बन्धी कागजात पुस्तिकाको क्र.स.५ मा रहेको मूल्य सूची फाराम सफा र स्पष्टसँग भरी पेस गर्नु पर्नेछ। केरमेट गरेको ठाउँमा हस्ताक्षर गरी छाप लगाउनु पर्नेछ।

### मिति २०८२।०३।१०गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**नेपाल प्रहरी प्रधान कार्यालय**
**कल्याण महाशाखा, नक्साल काठमाण्डौं**

**सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित : मिति २०८२।०३।१० गते)**

प्रहरी कल्याण कोषद्वारा प्रहरी कल्याण कोषद्वारा "ईलाका प्रहरी कार्यालय मालाखेती" कैलालीमा रहेको १२ वटा गाडी चार्ज गर्ने क्षमता, ५ वटा गाडी GBT Standard र ५ वटा भन्दा बढी CCS2 Standard भएको साथै CMS र App मार्फत चलाउन मिल्ने ६०/६५ वर्ग फिट क्षेत्रफल भएको टहरा भाडामा लगाउने प्रयोजनको लागि दरभाउपत्रको माध्यमद्वारा विभिन्न फर्म/कम्पनीहरुलाई प्रतिस्पर्धाद्वारा सञ्चालन गर्न दिन सिलबन्दी प्रस्ताव पेश गर्न सूचना प्रकाशित गरिएको छ, आवेदन फाराम तथा अन्य सर्तहरुसँग सम्बन्धित विस्तृत विवरण नेपाल प्रहरीको website: www.nepalpolice.gov.np मा राखिएको छ, इच्छुक योग्य फर्म/कम्पनीलाई यो सूचना प्रकाशित मितिले १५ दिन भित्र प्रस्तावपत्र खरिद गरी नियमानुसार यस कार्यालयमा पेश गर्न हुन आह्वान गरिन्छ।

क्र.स. १.

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

## कल्याण महाशाखा नक्साल काठमाण्डौं

## सूचना प्रकाशित मिति २०८२।०३।१० गते

## टहरा भाडामा लिने/दिने सम्बन्धी प्रस्ताव आह्वानको सूचना

प्रहरी कल्याण कोषद्वारा "ईलाका प्रहरी कार्यालय मालाखेती" कैलालीमा रहेको ६०/६५ वर्ग फिट क्षेत्रफल भएको टहरामा १२ वटा गाडी चार्ज गर्ने क्षमता, ५ वटा गाडी GBT Standard र ५ वटा भन्दा बढी CCS2 Standard भएको साथै CMS र App मार्फत चलाउन मिल्ने गरी भाडामा लिई व्यवसाय सञ्चालन गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् मिति २०८२।०३।२४ गतेभित्र प्रस्तावपत्र खरिद गरी १६ औं दिन अर्थात् मिति २०८२।०३।२५ गते १२:०० बजे भित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन आह्वान गरिएको छ।

१. प्रस्तावदाताले टहरा रहेको स्थानको अवलोकन गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

२. जिल्ला काठमाण्डौं टंगाल स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रहरी कल्याण कोषको खाता नं. ११६०१००००१७८७००१ मा रु. १०००।- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा बुझाई प्रस्तावपत्र खरिद गर्न सकिनेछ।

३. टहरा भाडामा लिने सम्बन्धी सर्तको विस्तृत विवरण प्रस्तावपत्रमा उल्लेख गरिएको छ।

४. टहराको आवश्यक मर्मत कार्य तथा फर्निचर सहितको अन्य भौतिक तयारीको सम्पूर्ण खर्च प्रस्तावदाता स्वयंमले गर्नुपर्नेछ।

५. भाडा सम्झौता ४ (चार) वर्ष अवधीको रहनेछ। प्रत्येक २ (दुई) वर्षमा १०% (दश प्रतिशत) का दरले भाडा बृद्धि गरिनेछ र बृद्धिदरको आधार शुरुको कबोल अंकको हुनेछ।

६. भाडा प्रस्ताव पेश गर्दा मासिक भाडा रकम खुलेको निवेदन, नागरिकताको प्रमाणित प्रतिलिपि (फर्म/कम्पनी भएमा दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र आ.व.२०८०।०८१ तथा प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत), व्यवसाय सञ्चालन योजना, लगायत प्रस्ताव सुरक्षण वापत आफूले कबोल गरेको मासिक भाडा रकमको दरले ४ (चार) वर्षको कूल रकमको १० (दश) प्रतिशत बराबरको रकम प्रहरी कल्याण कोषको राष्ट्रिय वाणिज्य बैंक लि. टंगालमा रहेको खाता नं. ११६०१००००१८४९००१ (Account Name: Prahari Kalyan Kosh Dharauti Khata) मा नगदै दाखिला गरी सो को सक्कलै भौचर प्रस्ताव साथ पेश गर्नु पर्नेछ वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको करार अवधिभर ४ (चार) वर्षको बैंक जमानत संलग्न गरी सक्कल भौचर लगायतका कागजातहरु अनिवार्य रुपमा सिलबन्दी गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

७. तोकिएको म्यादभित्र दर्ता हुने प्रस्तावहरु १६ औं दिन अर्थात् मिति २०८२।०३।२५ गते १४:०० बजे नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्सालमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही स्थान र समयमा खोलिनेछ।

८. भाडामा लगाइने उक्त टहराको विवरण प्रस्तावपत्रमा उल्लेख गरिएको छ।

९. टहराको एकमुष्ठ भाडा दर पेस गर्नु पर्नेछ।

१०. न्यूनतम मासिक भाडा **रु.२५,०००।- (अक्षरुपि पच्चीस हजार रुपैयाँ)** कायम गरिएको छ।

११. प्रस्ताव स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी कल्याण महाशाखामा सुरक्षित रहनेछ। प्रस्ताव सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्साल काठमाण्डौं वा ९८५१२९८८०८ वा ०१-४४१८५२० मा सम्पर्क गर्न सकिनेछ।

क्र.स. २.

## प्रस्ताव सम्बन्धी सर्तहरु

नेपाल सरकार गृह मन्त्रालय प्रहरी प्रधान कार्यालय नक्साल

### पृष्ठभूमि

ईलाका प्रहरी कार्यालय मालाखेती,कैलालीमा रहेको टहरामा १२ वटा गाडी चार्ज गर्ने क्षमता भएको, ५ वटा गाडी GBT Standard र ५ वटा भन्दा बढी CCS2 Standard भएको साथै CMS र App मार्फत चलाउन मिल्ने टहरा भाडामा दिने प्रयोजनको लागि यो निर्देशिका तयार पारिएको छ।

प्रस्ताव सम्बन्धी सर्तहरु :

### १. प्रस्ताव पेश गर्ने:-

१.१ प्रस्तावदाताले एक प्रति सक्कल प्रस्ताव फाराम सहितको कागजात तयार गर्नु पर्नेछ, प्रस्ताव फारामको प्रत्येक पृष्ठमा अख्तियार प्राप्त व्यक्तिले सहीछाप गरेको हुनु पर्नेछ, जसलाई खाममा सिलबन्दी गरी खामको बाहिर स्पष्ट रुपमा टहरा भाडा सम्बन्धी प्रस्ताव भन्ने खुलाई (नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्साल काठमाण्डौलाई सम्बोधन गरी) सूचनाको म्यादभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ (सो दिन सरकारी बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयमा पेश गर्नु पर्नेछ)।

१.२ प्रस्तावको प्रत्येक पृष्ठमा नउड्ने कालो मसीले टाइप गरी वा लेखी प्रस्तावदाता वा प्रस्तावदाताको तर्फबाट रितपूर्वक अख्तियारी प्राप्त गरेको व्यक्तिले सहीछाप गरेको हुनुपर्दछ। त्यसरी दिइएको अख्तियारी प्रस्ताव साथै पेश गरेको लिखित वारेसनामा समेत पेश गर्नुपर्नेछ।

१.३ प्रस्ताव स्वीकृत गर्ने/नगर्ने, आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्रहरी कल्याण कोषमा सुरक्षित हुनेछ।

१.४ करार सम्पन्न हुनुभन्दा पहिले कुनै पनि बखत करार स्वीकृत वा अस्वीकृत गरेको कारणवाट प्रभावित प्रस्तावदाता उपर कुनै दायित्व सृजना नहुने गरी वा प्रभावित प्रस्तावदाताहरुलाई जानकारी गराउनु पर्ने कुनै जिम्मेवारी विना कुनै प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने र प्रस्ताव सम्बन्धी प्रक्रिया रद्द गर्ने सम्पूर्ण अधिकार नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा रहनेछ।

१.५ म्यादभित्र दर्ता नभएको तथा रितपूर्वक नभएको प्रस्ताव उपर सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ। नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले आफ्नो स्वविवेकमा प्रस्ताव सम्बन्धी कागजातमा संशोधन गरी प्रस्ताव दाखिला गर्ने म्याद थप गर्न सक्नेछ र थप गरिएको म्याद नै अन्तिम मिति कायम हुनेछ।

१.६ प्रस्तावको तयारी र दाखिला गर्दा लाग्ने सम्पूर्ण खर्च प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ र प्रस्ताव प्रकृयाको सञ्चालन वा परिणाम जे जस्तो भए पनि नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले त्यस्तो खर्चको जिम्मेवारी वहन गर्ने छैन।

१.७ निर्देशन फाराम, सर्त, स्पेशिफिकेसन, लगायतका प्रस्ताव सम्बन्धी कागजात प्रस्तावदाताले जाँच गर्नुपर्छ र प्रस्ताव वा प्रस्ताव सम्बन्धी कागजात अनुरुपका सम्पूर्ण कागजात पेश नभएमा वा सारभूत रुपमा प्रभावग्राही नभएको प्रस्ताव दाखिला भएमा त्यस्तो प्रस्ताव अस्वीकृत हुन सक्नेछ।

१.८ प्रस्तावदाताले तयार पारेको प्रस्ताव र प्रस्तावदाता तथा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा बीचमा प्रस्तावका सम्बन्धमा हुने **सम्पूर्ण पत्राचारको भाषा नेपाली** हुनेछ।

### २. प्रहरी कल्याण कोषसँग सम्पर्क:-

२.१ प्रस्तावदाताले नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको जानकारीमा कुनै थप कुरा ल्याउन चाहेमा निजले सो कार्य लिखित रुपमा पेस गर्नुपर्नेछ।

### ३. प्रस्तावदाताहरुको आचरण:-

प्रस्तावदाताले खरिद प्रक्रियाको कार्यान्वयन वा खरिद सम्झौतामा प्रभाव पार्ने नियतले देहायका कार्यहरु गर्नु वा गराउन हुदैन :

३.१ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै अनुचित प्रलोभन दिन वा सो को प्रस्ताव गर्न,

३.२ तथ्य बङ्ग्याई वा झुक्याई पेश गर्न,

३.३ भ्रष्टाचारजन्य वा जालसाजपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,

३.४ अन्य प्रतिस्पर्धी प्रस्तावदाताहरुको सहभागीतामा हस्तक्षेप गर्न,

३.५ प्रतिस्पर्धामा संलग्न रहेको कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,

३.६ प्रस्तावदाताहरु बीच मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्ने उद्देश्यले प्रस्ताव पेश गर्नुभन्दा अघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,

३.७ प्रस्ताव खोलेको समय देखि स्वीकृतिको सूचना नदिँदा सम्मको अवधिमा प्रस्तावका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा प्रस्तावको परीक्षण र मूल्याङ्कनमा कुनै किसिमले प्रभाव पार्ने कार्य गर्न।

**४. प्रस्तावहरुलाई कालो सूचीमा राख्ने वा सम्झौता रद्द गर्न सकिने अवस्थाहरु:-**

४.१ यस करार अन्तर्गत नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले अन्य अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी कुनै प्रस्तावदातालाई निजले गरेको निम्न कार्यहरुको गम्भिरता हेरी तीन वर्षसम्म कालो सूचीमा राख्न सक्नेछ:-

४.१.१ प्रस्तावदाताले आचरण विपरित कार्य गरेको प्रमाणित भएमा,

४.१.२ सफल प्रस्तावदाता सम्झौता गर्न नआएमा,

४.१.३ सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा सञ्चालन सम्झौता वमोजिमको कार्य नगरेमा। प्रस्तावदाता करारमा सहभागी हुनवाट अयोग्य हुने गरी फौज्दारी कसूरमा अदालतवाट कसुरदार ठहरिएको भएमा,

४.१.४ सञ्चालन सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौज्दारी कसुरमा अदालतवाट दोषी ठहरिएमा,

४.१.५ योग्यता ढाँटी वा झुक्याई सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा,

४.१.६ प्रस्ताव सम्बन्धी कागजात वा यस निर्देशनमा उल्लेख भएका कुराहरुको बर्खिलाप कार्य गरेमा।

४.२ नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट कालो सूचीमा राखी अयोग्य घोषित गरेको प्रस्तावदाता तोकेको अवधिसम्म खरिद कारवाहीमा भाग लिन अयोग्य हुनेछ।

**५. प्रस्ताव खोल्ने:-**

तोकिएको समय भित्र रितपूर्वक पेश भएका प्रस्तावहरु **मिति २०८२/०३/२५ गते १४:०० बजे** नेपाल प्रहरी प्रधान कार्यालयमा गठित मूल्याङ्कन समिति समक्ष खोलिनेछ, उक्त दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सोही समयमा प्रस्ताव खोलिनेछ। प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न गर्न बाधा पर्ने छैन।

**६. योग्य प्रस्तावदाता:-**

६.१ प्रस्ताव आव्हानको सूचनामा उल्लेख भए अनुसार सम्पूर्ण योग्य प्रस्तावदाताहरुको लागि यो प्रतिस्पर्धा खुला रहनेछ।

६.२ सरकारको स्वामित्व भएका प्रतिष्ठानहरु कानुनी तथा आर्थिक रुपमा स्वायत्त भएमा, तिनीहरु वाणिज्य कानून अन्तर्गत सञ्चालित भएमा र प्रहरी कल्याण कोष उपर निर्भर नभएमा मात्र प्रस्ताव प्रक्रियामा संलग्न हुन सक्नेछन्।

६.३ प्रस्तावदाता भ्रष्टाचार र जालसाजपूर्ण कार्यका कारण नेपाल सरकारबाट अयोग्य घोषित भएको हुनु हुँदैन।

**७. एउटा प्रस्तावदाताले एउटा मात्र प्रस्ताव पेश गर्नुपर्ने:-** एकजना प्रस्तावदाताले एउटा कार्य व्यक्तिगत रुपमा वा संयुक्त उपक्रमको साझेदारको रुपमा एक मात्र प्रस्ताव पेस गर्नु पर्नेछ।

**८. संयुक्त उपक्रमबाट पेश भएको प्रस्ताव:-**

प्रस्ताव सम्बन्धी सूचनामा अन्यथा उल्लेख भएकोमा बाहेक दुई वा दुई भन्दा बढी फर्महरु साझेदार भई पेस गरेको बोलपत्रले देहायका सर्तहरु पूरा गरेको हुनुपर्नेछ :-

८.१ सबै साझेदारहरुलाई कानूनी रुपमा बन्धनकारी हुने गरी निजहरुले प्रस्तावमा सही छाप गरेको हुनुपर्नेछ;

८.२ करारका सर्त बमोजिम करारको कार्यान्वयनका लागि सम्पूर्ण साझेदारहरु संयुक्त र पृथक रुपमा उत्तरदायी हुनुपर्नेछ;

८.३ साझेदारहरु मध्ये एकजनाले मुख्य भई कुनै एक वा सबै साझेदारको लागि वा साझेदारका तर्फबाट दायित्व सिर्जना गर्न वा निर्देशन प्राप्त गर्न मनोनयन गरिएको हुनु पर्नेछ र यो अख्तियारीको प्रमाण स्वरुप सबै साझेदारहरुका कानूनी रुपमा अधिकार प्राप्त सही छापकर्ताहरुले सहीछाप गरेको वारेसनामा पेश गर्नुपर्नेछ।

**९. प्रस्ताव फाराम:-**

९.१ प्रस्तावदाताले टहरा रहेको स्थानको स्थलगत अवलोकन गरी टहरा सञ्चालन प्रयोजन योजना सहितको विवरण क्र.सं. ४ मा उल्लेखित प्रस्तावित योजना महलमा पेश गर्नु पर्नेछ।

**१०. बोल कबोल मूल्य:-**

१०.१ प्रस्तावदाताले टहराको **एकमुष्ठ प्रस्तावित भाडा रकम** भरी दाखिला गर्नु पर्नेछ।

१०.२ करार सम्पन्न भए पश्चात करारमा उल्लेखित भाडा रकम करार अवधिभर लागू हुनेछ।

१०.३ अंक र अक्षरमा प्रष्ट उल्लेख गरी टहराको भाडा मूल्य खुलाई पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

१०.४ प्रस्तावदाताले पेश गर्ने कागजात अन्य भाषामा मुद्रित भएमा सो कागजात सम्बन्धित देशको आधिकारिक संस्थाबाट अंग्रेजी भाषामा अनुवाद भएको हुनुपर्ने।

**११. प्रस्तावदाताको ग्राह्यता सम्बन्धी आधारहरु:-**

११.१ प्रस्ताव फारामका साथ निम्न बमोजिमका प्रमाणित कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ।

**प्रस्तावदाता व्यक्ति भएमा:-**

(क) नागरिकताको प्रमाणित प्रतिलिपि, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र कुनै पनि पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ५ नियम ४० उपनियम (२) ङ बमोजिमको लिखत स्व:घोषणा पत्र।

(ख) आफूले सञ्चालन गर्न लागेको व्यवसायको योजना, प्रकृति तथा योजनाको बारेमा खुल्ने कागजपत्र।

**प्रस्तावदाता फर्म वा कम्पनी भएमा:-**

(क) नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई अद्यावधिक भएको फर्म/कम्पनी दर्ताको प्रमाणपत्र।

(ख) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र।

(ग) आ.व.२०८०/०८१ करचुक्ता प्रमाणपत्रको प्रतिलिपि। (घ) नेपाली नागरिकताको प्रतिलिपि पत्र।

(ङ) प्रस्तावदाताले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ४० उपनियम (२) ङ बमोजिम खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखत स्व:घोषणा पत्र।

११.२ प्रतिलिपिहरु नोटरी पब्लिक ऐन अनुरुप प्रमाणित गराएको हुनु पर्नेछ।

११.३ प्रस्तावदाताले पेश गर्ने कागजात अन्य भाषामा मुद्रित भएमा सो कागजात सम्बन्धित देशको आधिकारिक संस्थाबाट अंग्रेजी भाषामा अनुवाद भएको हुनुपर्ने।

११.४ रितपूर्वक पेश भएको प्रस्तावहरु मात्र मूल्याङ्कनमा समावेश गरिनेछ।

११.५ प्रस्तावपत्र साथ सुरक्षण वापत आफूले कबोल गरेको मासिक भाडा रकमको दरले ४ (चार) वर्षको कूल रकमको १० (दश) प्रतिशत बरावरको रकम प्रहरी कल्याण कोषको राष्ट्रिय वाणिज्य बैंक लि. टंगालमा रहेको खाता नं. ११६०१००००१८४९००१ (Account Name: Prahari Kalyan Kosh Dharauti Khata) मा नगदै दाखिला गरी सो को सक्कलै भौचर प्रस्ताव साथ पेश गर्नु पर्नेछ वा नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको करार अवधिभर चार वर्षको बैंक जमानत संलग्न हुनुपर्नेछ।

११.६ प्रस्तावदाताले सम्झौता बमोजिमको **मासिक भाडा** प्रत्येक महिनाको मसान्तमा प्रहरी कल्याण कोषको राष्ट्रिय वाणिज्य बैंक लि. टंगालमा रहेको खाता नं. **११६०१००००००७००६** मा नगदै जम्मा गरी सक्कल भौचर स्वयं उपस्थित भई नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा नक्साल काठमाण्डौंमा पेश गर्नुपर्नेछ ।

**१२. मूल्याङ्कन प्रक्रिया:-**

१२.१ प्रस्तावदाताले तोकिए बमोजिमका कागजातहरु पेस गर्नु पर्नेछ । माग भए बमोजिमको कागजातहरु पेस नगर्ने प्रस्तावदाता मूल्याङ्कन प्रकृयामा अयोग्य ठहरिनेछ ।

१२.२ प्रस्तावदाताले टहरामा गर्न लागेको व्यवसायिक योजनालाई समेत आधार लिइनेछ ।

१२.३ प्रस्तावदाता मध्ये प्रस्तावमा माग गरे बमोजिमका कागजातहरु पेस गरेको अधिकतम मासिक भाडा रकम पेस गर्ने प्रस्तावदातालाई सारभूत रुपमा प्रभावग्राही मानी नियमानुसार सम्झौता गरिनेछ ।

**१३. प्रस्ताव स्वीकृत गर्ने र सम्झौता गर्ने:-**

१३.१ मूल्याङ्कनमा प्रभावग्राही भई छनौट भएको प्रस्ताव स्वीकृत भएको जानकारी प्राप्त भएपछि नियमानुसार प्रहरी कल्याण कोष समक्ष सम्झौता गर्न आउन सूचित गरिनेछ ।

१३.२ सम्झौता भएपछि मात्र टहरा भाडामा दिनको लागि आदेश जारी गरिनेछ ।

१३.३ प्रस्ताव स्वीकृत भई सम्झौता गरे पश्चात् शर्त नं.१३.२ अनुसारको कार्यदेश बमोजिम टहरा भाडामा सञ्चालन गर्नुपर्नेछ ।

१३.४ टहरामा आवश्यक मर्मत संभार, रंगरोगन लगायत व्यवस्थापनमा हुने सम्पूर्ण खर्च प्रस्तावदाताले व्यहोर्नु पर्नेछ ।

१३.५ टहरा रहेको स्थानमा भौतिक पूर्वाधारहरु हेरफेर गर्नु परेमा यस कार्यालयको सहमति लिएर मात्र गर्नु पर्नेछ, सहमति बेगर भौतिक पूर्वाधारमा कुनै किसिमको हेरफेर गर्न पाइने छैन । सहमति विना कुनै किसिमको कार्य गरेमा पुग्न गएको क्षतिको सम्पूर्ण क्षतिपूर्ति दोश्रो पक्षको धरौटी रकमबाट कटाई बाँकी रकम फिर्ता गरिनेछ ।

१३.६ स्वीकृत प्रस्तावदातासँग ४ (चार) वर्षको करार सम्झौता गरिनेछ ।

**१४. निरीक्षण र जाँच :-** टहरा भाडामा दिए पश्चात् समय समयमा आवश्यक निरीक्षण र जाँच यस कार्यालय तथा आवश्यक ठानिएका अन्य सम्बन्धित प्राविधिकबाट हुनेछ ।

**१५. अन्य व्यहोरा :-**

१५.१ टहरामा विद्युतीय उपकरण लगायत अन्य मर्मत सम्भार गर्दा भौतिक पूर्वाधारलाई असर नपर्ने गरी जडान तथा व्यवस्थापन गरिएको हुनु पर्नेछ ।

१५.२ भाडामा लिइएका टहरामा व्यवसाय सञ्चालन गर्दा नेपाल सरकारले तोके बमोजिमको रितपूर्वक स्वीकृति प्राप्त गरी आवश्यकता अनुसार अनुमति लिई सञ्चालन गर्नुपर्नेछ ।

१५.३ भाडामा लिइएको टहरामा प्रचलित कानूनले स्वीकृति प्रदान गरेका बाहेक अवैधानिक रुपमा वा कानूनले बन्देज लगायतका व्यवसाय सञ्चालन गर्न पाइने छैन ।

१५.४ एक व्यक्ति वा संस्थाले भाडामा लिएको टहरा दोश्रो व्यक्ति वा संस्थालाई प्रयोगमा दिन पाइने छैन विशेष कारणबस त्यसरी दोश्रो व्यक्ति वा संस्थालाई दिनु परेमा औचित्य पुष्टि गरी यस कार्यालयको सहमति प्राप्त भए पश्चात् मात्र दिन पाइनेछ । कुनै फर्म वा व्यक्तिले प्रयोजन खुलाई भाडामा लिएको टहरा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको अनुमति बिना दोश्रो व्यक्ति वा संस्थालाई प्रयोगमा दिएमा सम्झौता विपरितको कार्य भएको मानी सम्झौता रद्द गरिनेछ ।

१५.५ टहराको मूल्याङ्कन एकमुष्ट रुपमा गरिनेछ ।

१५.६ प्रस्तावदाताले प्रस्ताव गरेको शुरु भाडा दर २ (दुई) वर्षको लागि कायम रहनेछ, तेस्रो वर्षबाट प्रत्येक २ (दुई) वर्षमा १० (दश) प्रतिशतका दरले भाडा बृद्धि गरिनेछ । वृद्धिदरको आधार शुरुको कबोल अंकको हुनेछ ।

१५.७ यस प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख नभएका अन्य कुराहरु तथा सम्पूर्ण प्रकृयाहरु प्रचलित ऐन, नियम तथा सम्झौता बमोजिम हुनेछ ।

१५.८ कुनै कारणले करार/सम्झौता समाप्त हुने अवस्था भएमा टहरा भाडामा लिने व्यक्ति/फर्मले टहरा कल्याण कोषलाई जिम्मा लगाउनु अगाडि करार गर्दाकै अवस्थामा जस्तो रंगरोगन गर्नुपर्ने र केही टुटफुट भएमा मर्मत सम्भार गरे पश्चात मात्र करार/सम्झौता समाप्त हुनेछ।
उपरोक्त सर्त नं. १ देखि सर्त नं. १५.९ सम्म उल्लेख भएका सम्पूर्ण कुराहरु अध्ययन गरी टहराको स्थलगत निरीक्षण गरी सर्तहरुमा तोकिएका कुराहरु पूर्णरुपमा पालना गरी यो प्रस्ताव पेश गरेको छु / छौ। कुनै त्रुटि पाइएमा कानून बमोजिम हुन मञ्जुर छु/छौ भनी सहिछाप गर्ने।

**प्रस्तावदाताको :**

| | |
|---|---|
| सहिछाप: | |
| व्यक्ति/फर्म/कम्पनीको नाम: | |
| ठेगाना: | |
| फोन नं.: | फर्म/कम्पनीको छापः |

**क्र.स. ३.**

**प्रस्तावित योजना**

**भुँई तल्लामा रहेका सटरहरु**

| सटर नं | प्रस्तावित योजना | | | कैफियत |
|---|---|---|---|---|
| | व्यवसाय | कार्यालय | अन्य | |
| | | | | |
| | | | | |
| | | | | |

**माथिल्लो तल्लामा रहेका कोठाहरु**

| कोठा नं | प्रस्तावित योजना | | | कैफियत |
|---|---|---|---|---|
| | व्यवसाय | कार्यालय | अन्य | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नोट:- १. के कस्तो प्रकारको व्यवसाय वा के प्रयोजनको लागि टहरा भाडामा लिने प्रस्ताव गरेको हो सो को विवरण पेश गर्ने।

२. कुनै फर्म वा व्यक्तिले प्रयोजन खुलाई भाडामा लिएको टहरा नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाको अनुमति बिना दोश्रो व्यक्ति वा संस्थालाई प्रयोगमा दिएमा सम्झौता विपरितको कार्य भएको मानी सम्झौता रद्द गरिने प्रावधान रहेकोले प्रयोजन पूर्व घोषणा गर्नुपर्नेछ।

क्र.स. ४

काठमाडौं महानगरपालिकाले स्थानीय राजपत्रद्वारा प्रकाशित
"काठमाण्डौ महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका, २०७९" को अनुसूचि १ मा उल्लेखित
घर बहाल सम्झौता ढाँचा

# घर बहाल सम्झौता

दर्ता नम्बर .....................
मितिः ..........................

१. नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन विभाग कल्याण महाशाखा (COE शाखा) नक्साल काठमाडौं र ............................... **फर्म/कम्पनी पान नं. ........................ वा .................... जिल्ला .......................................... .............पालिका वडा नं. ....... घर भइ हाल .............................................. बस्ने वर्ष ........... को ................................** को बीचमा घर/जग्गा बहालमा लिने/दिने सम्बन्धमा गरिएको सम्झौता पत्र।

२. नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन विभाग कल्याण महाशाखा (COE शाखा) नक्साल काठमाडौं (यसपछि पहिलो पक्ष भनिने) र ...............................को नाति/नातिनी ...................................को छोरा/छोरी जिल्ला ................ ................... पालिका वडा नं. ..... घर भई हाल ...................................................... बस्ने वर्ष ..... को नागरिकता प्रमाणपत्र नं. ........... भएको श्री ............................(यसपछि दोस्रो पक्ष भनिने) का बीचमा काठमाडौं महानगरालिका वडा नं. ३ मा रहेको **६०००३२३३१** करदाता नम्बरको पहिलो पक्षको स्वामित्वको भवन देहायको सर्त, बन्देज तथा दायित्व बहन गर्ने गरी बहालमा लिनदिन दुवै पक्ष मञ्जुर भई यो घर बहालको सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

**देहायः**

३. पहिलो पक्षको हक तथा स्वामित्वमा रहेको **कैलाली जिल्ला गोदावरी नगरपालिका वडा नं. २ मा अवस्थित कित्ता नम्बर बनेको टहरा बहालमा दिने** र दोस्रो पक्षले बहालमा लिने उद्देश्यले यो सम्झौता गरिएको छ।

४. प्रकरण नम्बर १ मा उल्लेखित घर बहालमा लिने/दिनेको विवरण यस प्रकारको हुनेछः
   क. घर रहेको टोल (ठेगाना) : **कैलाली जिल्ला गोदावरी नगरपालिका वडा नं. २**
   ख. घरमा आवत जावत गर्न प्रयोग हुने मार्गको नाम : **पूर्व पश्चिम राजमार्ग**
   ग. घर बहालको प्रयोजन : **..............**
   घ. घरको तला : **प्रस्तावपत्रको सूचनामा उल्लेख भए** बमोजिमको हुनेछ।
   ङ. बहालमा दिने घरको चार किल्ला : **पूर्वमा नेपाली सेनाले भोगचलन गरेको जग्गा, पश्चिममा भिमदत्त राजमार्ग, दक्षिणमा** पूर्व पश्चिम राजमार्ग **र उत्तरमा नेपाली सेनाले भोगचलन गरेको जग्गा।**
   च. बहालको कूल क्षेत्रफल : **प्रस्तावपत्रको सूचनामा उल्लेख भए** बमोजिमको हुनेछ।
   छ. कोठा संख्या **प्रस्तावपत्रको सूचनामा उल्लेख भए** बमोजिमको हुनेछ।

५. बहालमा लिने/दिने क्षेत्रफलमा जम्मा .......... वर्गफिट तला भूँईतलाको कोठा/सटर नं. ...... भएकोले सोको जम्मा रु. ................................................... घर बहाल रकम तोकिएको छ। दोस्रो पक्षले पहिले पक्षलाई प्रत्येक महिनाको ७ गतेभित्र अघिल्लो महिनाको बहाल रकम बुझाउनु पर्नेछ। बहाल रकम पहिलो पक्षले **जिल्ला काठमाडौं टंगाल स्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको प्रहरी कल्याण कोषको खाता नं. ११६०१००००००७००६** मा जम्मा गरी दिनु पर्नेछ। बैंक खातामा जम्मा गरेको भौचरको एक प्रति पहिलो पक्षलाई दोस्रो पक्षले उपलब्ध गराउनु पर्नेछ।

६. यस सम्झौताको प्रकरण नम्बर ३ बमोजिम दोस्रो पक्षले पहिलो पक्षलाई तिर्नु/बुझाउनु पर्ने रकम सोही प्रकरणमा उल्लेखित समय सीमा भित्र बुझाउनु पर्नेछ। म्यादभित्र बुझाउन नसकेमा १० (दश) प्रतिशत जरिवाना तिरी अर्को महिनाको मसान्तभित्र तिर्न/बुझाउन सक्नेछ। तीन महिनाभित्र समेत घर बहाल रकम नतिरे/नबुझाए पहिलो पक्षले यो सम्झौता स्वतः भङ्ग भएको मानी घर खाली गराउने प्रक्रिया अघि बढाउन सक्नेछ।

७. यो सम्झौता विपरित कार्य गरेमा पहिलो पक्षले बहालवला हट्न लिखित निर्देशन दिन सक्नेछ। यस्तो निर्देशन प्राप्त भएपछि दोस्रो पक्षले बहालबाट हट्नु पर्नेछ। दोस्रो पक्षले बहालमा लिएको घर छोड्नु पर्ने भएमा ३५ (पैतीस) दिनको पूर्व सूचना पहिलो पक्षलाई दिई घर बहालको सम्झौता अन्त गर्न सक्नेछ। जुन पक्षबाट सम्झौता भङ्ग गर्ने प्रक्रिया प्रारम्भ गरेको भए पनि सो संवद्ध कागजात सहित वडा कार्यालयलाई लिखित जानकारी गराउनु पर्नेछ।

८. स्थानीय तहलाई तिर्नुपर्ने/बुझाउनुपर्ने बहाल कर पहिलो पक्षको नामबाट दोस्रो पक्षले बुझाई सो रकम बहाल रकमबाट कट्टा गरी कर तिरेको कागज सहित पहिलो पक्षलाई वहाल रकम भुक्तानी गर्नु पर्नेछ।

९. घर बहाल रकम प्रत्येक दुई/दुई वर्षमा १० (दश) प्रतिशतका दरले वृद्धि हुनेछ। (तर प्रत्येक दुई/दुई वर्षमा अधिकतम १० (दश) प्रतिशत भन्दा बढी रकम बढी रकम बढाउन पाइने छैन)।

१०. व्यवसाय कर, पानी, बिजुली, टेलिफोन तथा फोहरमैला व्यवस्थापन वापत तिर्नु/बुझाउनु पर्ने कर दस्तुरको दायित्व दोस्रो पक्षको हुनेछ।

११. यो सम्झौताको अवधि ४ **(चार)** वर्षको हुनेछ। दुवै पक्षको सहमतिमा सम्झौताको म्याद थप गर्न सकिनेछ।

१२. दोस्रो पक्षको कारण बहालमा लिँदाको भवनको अवस्थामा कुनै टुटफुट भएमा, भत्केमा वा मर्मत सम्भार गर्नुपर्ने भएमा मर्मत सम्भार गर्नु पूर्ववत् वा चालू अवस्थामा राख्नु दोस्रो पक्षको दायित्व हुनेछ। बहाल सम्झौता समाप्त भए पश्चात् घर पूर्ववत् अवस्थामा फिर्ता गर्नु पर्नेछ।

१३. यो सम्झौता मिति २०८२।.....।..... गते बाट लागू हुनेछ। सम्झौताको यथार्थ परिपालना गर्नु/गराउनु दुवै पक्षको कर्तव्य हुनेछ। सम्झौता कार्यान्वयनको क्रममा कुनै विवाद भएमा आपसी छलफल तथा सहमतिबाट विवादको निरुपण गरिनेछ। सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बद्ध वडा कार्यालयमा उजुरी पेश गर्न सकिनेछ।

१४. बहालमा लिने घरको वीमा पहिलो पक्षले गर्नु पर्नेछ (दोस्रो पक्षले वीमा गर्ने हो भने प्रिमियम वापतको रकम बहाल रकमबाट कट्टा गरी पहिलो पक्षलाई रकम बुझाउन सकिनेछ।

यस सम्झौतामा उल्लेख नभएका सर्त, बन्देज तथा दायित्व "काठमाण्डौ महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका, २०७९" बमोजिम हुनेछ।

**दोस्रो पक्षको तर्फबाट**

दस्तखत :

नामथर :

ठेगाना :

सम्पर्क नं.

इमेल :

**पहिलो पक्षको तर्फबाट**

दस्तखत :

नामथर : प्र.

कार्यालय : नेपाल प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा, नक्साल काठमाण्डौं

सम्पर्क नं. ०१-४४१८५२०

इमेल : npwelfare@gmail.com

**साक्षीहरु:**

पहिलो पक्ष : प्र.................................................। (ने.प्र.प्र.का.कल्याण महाशाखा, नक्साल काठमाडौं।

: प्र.................................................। (ने.प्र.प्र.का.कल्याण महाशाखा, नक्साल काठमाडौं।

दोस्रो पक्ष : प्रतिनिधि श्री

इति सम्वत् २०८२ साल .................. महिनाको ....... गते रोज .... शुभम् ...........................................................।

**क्र.सं. ५**

**मूल्य सूची :-**

| सि.नं. | क्षेत्रफल (वर्ग फिट) | न्यूनतम मासिक भाडा दर (ने.रु.) | प्रस्तावित भाडा ने.रु.अंकमा | प्रस्तावित भाडा ने.रु.अक्षरमा |
|---|---|---|---|---|
| १ | ६०/६५ | २५,०००।- | | |

**कूल कवोल रकम : ............................................................................................... (अक्षरमा)**

**नाम :** **हस्ताक्षर :** **छाप :**

द्रष्टव्यः *एकमुष्ट सटर वा कोठाहरु भाडामा लिन प्रस्ताव गर्ने व्यकक्ति वा संस्थाले समेत सबै सटर वा कोठाहरुको अलग अलग रुपमा भाडा दर अक्षर र अंकमा स्पष्ट रुपमा भर्नु पर्नेछ ।

*ईकाई मूल्य र जम्मा मूल्यमा फरक परेमा ईकाई मूल्य तथा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

*प्रस्तावको प्रत्येक पृष्ठमा नउड्ने कालो मसीले टाइप गरी वा लेखी प्रस्तावदाता वा प्रस्तावदाताको तर्फबाट रितपूर्वक अख्तियारी प्राप्त गरेको व्यक्तिले सहीछाप गरेको हुनुपर्छ । त्यसरी दिइएको अख्तियारी प्रस्ताव साथै पेश गरेको लिखित वारेसनामा समेत पेश गर्नुपर्नेछ ।